आज मिति २०७९/०५/२१ गतेका दिन आठविसकोट नगरपालिका नगरशिक्षा समितिका संयोजक श्री रवि के.सी.अध्यक्षतामा बसेको बैठकले तपसिल अनुसारको प्रस्ताव उपर छलफल गरी निर्णयार्थ पेश गरियो ।

तपसिल

| | |
|---|---|
| श्री रवि के.सी . | -संयोजक |
| श्री मणिराज शाह | -नि.प्रमुख प्रशासकीय अधिकृत |
| श्री देव वहादुर यरी | - सदस्य |
| श्री यज्ञ बहादुर वि.क. | - सदस्य |
| श्री जनक बहादुर वटाला | - सदस्य |
| श्री कृष्णा घर्ती | - सदस्य |
| श्री टेक वहादुर थापा | - सदस्य |
| श्री देव वहादुर के.सी . | - सदस्य |
| श्री धन वहादुर वस्नेत | - सदस्य |
| श्री इन्द्र वहादुर विष्ट | -सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री धन कुमारी शाही | -नगरउपप्रमुख |
| श्री केशरमान वि.क. | – ३ नं .वडाध्यक्ष |
| श्री देव बहादुर घर्ती | - नगर प्रवक्ता |
| श्री थलविर ओली | -शिक्षा परीक्षक |
| श्री मुक्ति प्रसाद रिजाल | -सहायक शिक्षा परिक्षक |
| श्री नरेन्द्र कुमार कार्की | प्रा.स. |
| श्री मान बहादुर वटाला | कम्प्युटर अपरेटर |
| श्री घनश्याम भण्डारी | – ५ नं. वडाध्यक्ष |
| श्री अमृत बुढा | – ७ नं. वडाध्यक्ष |
| श्री प्रेमबहादुर पुन | – ११ नं. वडाध्यक्ष |

इन्द्र वहादुर विष्ट
शिक्षा अधिकृत

प्रस्तावहरु

१.श्री शहिदस्मृति नमूना माध्यमिक विद्यालय र श्री दिपज्योति आधारभूत विद्यालय समायोजन प्रतिवेदन सम्बन्धमा

२.विद्यालय समायोजन तथा एकिकरण कार्यविधि निर्माण सम्बन्धमा ।

३.प्रधानाध्यापक कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

४.नगर शिक्षा समिति पूर्णता सम्बन्धमा।

५.अनुगमन सम्बन्धमा ।

६. म्याद थप सम्बन्धमा ।

७.विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

८.प्रधानाध्यापक बैठकका निर्णय अनुमोदन गर्ने ।

निर्णयहरु

१. आठविसकोट नगरकार्यपालिकाको मिति २०७९/३/३२ निर्णयानुसार श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालय आठविसकोट नगरपालिका -९ राडी रुकुम पश्चिम र श्री दिपज्योति आधारभुत विद्यालय आठविसकोट नगरपालिका -९ राडी रुकुम पश्चिम समायोजनका लागि श्री थलविर ओलीको संयोजकत्वमा बनेको कार्यदलको अध्ययन प्रतिवेदन स्वीकृतिका लागि नगरकार्यपालिका समक्ष पेश गर्ने ।

२. यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको यथार्थ स्थिति पत्ता लगाई विद्यायलय समायोजन एवं एकिकरण गर्न का लागि कार्यविधि निर्माण गर्न शिक्षा,युवा तथा खेलकूद शाखालाई निर्देशन दिने।

बहादुर विष्ट
शिक्षा अधिकृत

३.यस नगरपालिका अन्तर्गतका प्रधानाध्यापकहरुको कार्यसम्पादन मुल्याङ्कन गरी करार सम्झौता गर्नुका साथै श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालय र श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बाट प्रधानाध्यापक नियुक्तिको लागि भएका सिफारिस नगरकार्यपालिका समक्ष पेश गर्ने ।

४. नगरकार्यपालिकाको मिति २०७९/५/३२ गतेको निर्णयानुसार गठन भएको नगर शिक्षा समितिमा देहायबमोजिम सदस्य मनोनित गर्ने निर्णय गरीयो ।

क. खम्वु मल्ल – नगर क्षेत्र भित्रका विद्यालयहरुका शिक्षक अभिभावक संघबाट

ख. सर्मिला के.सी. – संस्थागत विद्यालयका तर्फबाट नगरप्रमुखले तोकेको

ग. मुक्ति प्रसाद रिजाल – आधिकारिक शिक्षक संघको तर्फबाट प्रतिनिधि

५. विद्यालय अनुगमन, मुल्याङ्कन र प्रतिवेदन गर्न शिक्षा युवा तथा खेलकूद शाखाले शैक्षिक गुणस्तर परीक्षण केन्द्र संग परामर्श गरी अर्को व्यवस्था नभए सम्मका लागि तपसिल बमोजिमको कार्यक्षेत्र प्रस्ताव गरी नगर कार्यपालिकामा पेश गर्ने ।

वडा नं ८, १०, १३ र १४ – थलविर ओली
वडा नं ४, ५,६,७ र ९ - मुक्ति प्रसाद रिजाल
वडा नं १,२,३,११ र १२ -नरेन्द्र प्रकास आर.सी.

६. करार स्वमयंसेवक शिक्षक/अस्थायी /राहत दरबन्दीमा कार्यरत शिक्षकले कार्यसम्पादन मुल्याङ्कन बापत ४० अंक प्राप्त नगरेमा करार सम्झौता रद्द गर्ने गरी मापदण्ड निर्माण गर्ने गरी शिक्षा,युवा तथा खेलकूद शाखालाई निर्देशन गर्ने ।

७. यस नगरपालिकामा कार्यरत बालविकास शिक्षक /कार्यालय सहयोगी / विद्यालय कर्मचारीको तलब सम्बन्धमा आवश्यक निर्णयको लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने।

८.यस नगरपालिका भित्रका म्याद समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको गठन मिति २०७९/५/३१ गते सम्म गरिसक्न विद्यालयलाई निर्देशन गर्ने ।विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा विवाद भएमा आवश्यक सहजीकरणका लागि नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्ने ।

९. मिति २०७९/५/२० गते प्रधानाध्यापक बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

इन्द्र बहादुर विष्ट
शिक्षा अधिकृत